प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(नीति, कानून, मापदण्ड तथा जनस्वास्थ्य महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.: ३०

मितिः२०७७।०४।०६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

बुटवल,

विषयः जानकारी सम्बन्धमा।

प्रस्तुत बिषयमा आम नागरिकलाई आपतकालिन स्वास्थ्य अवस्थामा सहयोग तथा सहजिकरणको लागि सामाजिक विकास मन्त्रालय द्वारा USAID को सहयोगमा सञ्चालित SSBH आयोजनाको सहकार्यमा ११८७ तथा १६६०७१५२१३० नम्बरको निःशुल्क हेल्पलाइन सेवा सञ्चालनमा ल्याइएको छ. सेवाको सम्बन्धमा बिस्तृत विवरण यसै साथ संलग्न राखिएको छ. निःशुल्क हेल्पलाईन सेवाको विषयमा सबै नागरिक सम्म जानकारी पुग्ने गरी ...सुचना सम्प्रेषणको व्यवस्थाको लागि अनुरोध छ।

(डा.उमाशंकर प्रसाद चौधरी)

महाशाखा प्रमुख

वरिष्ठ स्वास्थ्य प्रशासक

बोधार्थः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,बुटवल

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,बुटवल

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,बुटवल

श्री उधोग, पर्यटन,वन तथा वातावरण मन्त्रालय,बुटवल

श्री भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय,बुटवल

श्री प्रदेश योजना आयोग, प्रदेश नं.५,बुटवल

श्री स्वास्थ्य निर्देशनालय,बुटवल

श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र,बुटवल

श्री स्वास्थ्य तालिम केन्द्र,बुटवल

श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला,बुटवल

श्री स्थानिय निकाय (१०९)सबै

श्री जिल्ला प्रशासन कार्यालय,(१२) सबै

श्री जिल्ला समन्वय समिति (१२)सबै

श्री अस्पतालहरु (२०)सबै

श्री स्वास्थ्य कार्यालयहरु(१२) सबै

श्री आयुर्वेद स्वास्थ्य केन्द्र तथा चिकित्सालयहरु सबै

प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(नीति, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.: ३०

<u>निशुल्क हेल्पलाईन सेवा सन्चालन सम्बन्धमा</u>

प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपको क्षति न्युन गर्दै र नागरिकहरुको जिउ धनको संरक्षण गर्न आम नागरिकलाई समयमा नै उचित तथा सहि सुचना दिनु सरकारको प्रमुख जिम्मेवारी महसुस गरी यस मन्त्रालयले प्रतिकार्य योजना अन्तर्गत स्वास्थ्य आपतकालिन हेल्पलाईन सेवा जडान तथा संचालन गरेकोछ। आम नागरिकलाई अहिलेको आपतकालिन स्वास्थ्य अवस्थाको बारेमा अद्यावधिक तथा सहि सुचना जानकारी प्रदान गर्न, स्वास्थ्य तथा सामाजिक सेवाहरु उपलब्ध गराउन, जोखिम न्यूनिकरण सम्बन्धी जिज्ञासाहरुको जवाफ दिन, बेलैमा आवश्यक नियमित स्वास्थ्य सेवाहरु लिनुपर्ने आवश्यकताको बारेमा सर्वसाधारण नागरिकहरुलाई सुझाव दिन, जनस्वास्थ्यका विषयमा उचित सुझाव तथा उपयुक्त विज्ञसंग अझ बढी चिकित्सकिय सुझावको लागि प्रेषण गर्ने लगायतका कार्यहरु मार्फत संविधानमा नागरिकको मौलिकहकको रुपमा रहेको नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता गर्न यस मन्त्रालय र USAID को सहयोगमा सञ्चालित स्वास्थ्यका लागि सक्षम प्रणाली आयोजना (SSBH) को सहकार्यमा निशुल्क हेल्पलाईन सेवा सन्चालनमा ल्याएको छ। हाल यो सेवालाई कोभिड १९ रोगका कारणहरु, रोगका लक्षण, रोग सर्ने माध्यम र रोग सर्नबाट रोक्न अपनाउनु पर्ने सावधानीहरु, आपतकालिन स्वास्थ्य सेवा तथा सामाजिक परामर्श, स्वास्थ्य सेवा सम्बन्धमा हाल सम्मको अद्यावधिक सुचना तथा संघिय तथा प्रदेश सरकारद्धारा विभिन्न मितिमा जारी सूचना तथा निर्देशनहरु प्रदेशबासीहरुमा प्रेषित गर्ने र दिर्घकालिन रुपमा यस सेवालाई प्रदेश स्वास्थ्य आपतकालिन कार्यसन्चालन केन्द्रको रुपमा विकास गरि थप सेवा बिस्तार गरिनेछ। तत्कालको लागि हेल्पलाईन सेवा विहान ७ बजे देखि साँझ ७ बजे सम्म दिनको १२ घण्टा सन्चालन हुनेछ भने राती ७ बजे विहान ७ बजेसम्मको फोन कललाई रेकर्ड गर्ने संयन्त्रको व्यवस्था मिलाइएको छ। संचालक नहुने समयको सम्बन्धमा जडित प्रणालीले फोन गर्ने व्यक्तिको नाम र ठेगाना रेकर्ड गर्ने छ र संचालकले जति सक्दो चाँडो उक्त व्यक्तिलाई सहि सुचना दिने व्यवस्था मिलाइएको छ।

हेल्पलाईन सेवा अन्तर्गत प्रदेश भित्र Bulk SMS Service र आपतकालिन उद्धारको लागि GPS Location Tracking प्रणालीका लागि आवश्यक प्रकृया अगाडी बढाइएको र यथाशिघ्र सेवा सञ्चालनमा ल्याइनेछ।

**सञ्चालनमा ल्याइएको हेल्पलाइन नम्बरः ११८७ वा १६६०७१५२१३०**

वरिष्ठ स्वास्थ्य प्रशासक